

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ११३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २४ गते शनिबार ❑ 7 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## समृद्धि र विकासका लागि कांग्रेस गण्डकी प्रदेशको सङ्कल्प सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २३ बैशाख

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिले प्रदेशमा शान्ति, स्थिरता र समृद्धि हासिल गर्नका लागि गण्डकी प्रदेशको सङ्कल्प सार्वजनिक गरेको छ।




नेपाली कांग्रेस गण्डकी प्रदेश समितिको कार्यालयमा शुक्रबार आयोजित एक कार्यक्रमबीच कांग्रेसका केन्द्रीय सदस्य एवम् मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा लगायतले सामुहिकरूपमा सङ्कल्प पत्र सार्वजनिक गर्नुभएको हो । कांग्रेसले सङ्कल्पमा पाँच वर्षका लागि विभिन्न ३० वटा प्रतिबद्धता व्यक्त गरेको छ भने १० वर्षका लागि १० प्रतिबद्धता व्यक्त गरेको छ। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योग, मानव संशाधन, रोजगारीलगायत क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको कांग्रेसले पाँच वर्षे प्रतिबद्धताव्यक्त गरेको हो । प्रत्येक वर्ष ५० हजार नयाँ रोजगार/स्वरोजगार सिर्जना गरिने उल्लेख गर्दै प्रतिव्यक्ति आय एक हजार १९२ डलरबाट तीन हजार डलर पुऱ्याउने प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ । प्रदेशको अन्तराष्ट्रिय व्यापार दोब्बर बनाउने उल्लेख गर्दै कांग्रेसले निजी क्षेत्रमैत्री नीति तर्जुमा गरी निजी लगानी तथा सार्वजनिक निजी लगानी प्रवर्द्धनलगायत विषयलाई सङ्कल्पमा समेटेको छ । प्रदेशमा सुशासन प्रत्याभूत गराई भ्रष्टाचारलाई पूर्ण नियन्त्रणलगायत विषय पाँच वर्षे प्रतिबद्धतामा छन् । कांग्रेसले १० वर्ष १० प्रतिबद्धतामा आर्थिक र मानव विकास सूचकाङ्कमा पहिलो प्रदेश बनाउने उल्लेख गरेको छ। बेरोजगारी दुई प्रतिशतमा झार्ने, निरपेक्ष गरिबी ११.५ बाट शून्य प्रतिशतमा झारिने कांग्रेसले जनाएको छ। लुम्बिनी, मुक्तिनाथ हुँदै कैलास पर्वत जोड्ने छोटो दूरीको सुविधायुक्त सडक निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

कार्यक्रममा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशको समृद्धिका लागि अघि सारिएको सङ्कल्प महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो । नेपाली कांग्रेसका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले सङ्कल्पमा उल्लेखित विषयलाई कार्यान्वयनमा लैजाने विषयमा पार्टी नेतृत्व लाग्ने विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा पार्टी गण्डकी प्रदेश समितिका उपसभापति मेखलाल श्रेष्ठ, महामन्त्रीद्वय किरणबाबु श्रेष्ठ र विष्णु लामिछानेले प्रदेशको आवश्यकता र सम्भावनालाई दृष्टिगत गरी सङ्कल्पपत्र तयार गरिएको बताउनुभयो ।

## गठबन्धन वर्षौंसम्म आवश्यक छ : प्रधानमन्त्री

रासस
काठमाडौं, २३ बैशाख

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधान र लोकतन्त्रको रक्षाका लागि गठबन्धन वर्षौंसम्म आवश्यक रहेको बताउनुभएको छ ।

पाँच दलीय गठबन्धनको तर्फबाट शुक्रबार यहाँ आयोजित संयुक्त चुनावीसभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो "संविधानको हालको व्यवस्थाअनुसार एकल पार्टीको बहुमत आउन गाह्रो छ । तसर्थ पनि मुलुकका लागि गठबन्धन आवश्यक छ। युरोपका कतिपय देशमा पनि यस खालको संस्कृति छ ।" उहाँले सबै मिलेर सत्तागठबन्धनलाई सफल बनाउनु पर्नेमा जोड दिनुभयो ।

विगतमा आफू एक्लै निर्वाचनमा जाने रहर गर्दा पराजित भएको तथ्य पेश गर्दै सभापति देउवाले वाम गठबन्धन गरेर एमालेसँग एकता गर्दा माओवादीले दुःख पाएको सुनाउनुभयो । कांग्रेसको केही समयअघि सम्पन्न १४औं महाधिवेशनले पाँच दलीय गठबन्धनको आवश्यकता महसुस गरी सर्वसम्मतिले यससम्बन्धी प्रस्तावलाई पारित गरेको र केन्द्रीय समितिले पनि यसलाई अधिकार दिएको जानकारी दिनुभयो । "अहिले केही परस्पर विरोधी भावना भएकाले बखेडा झिकेका छन् । विगतमा विपी कोइरालालाई फाँसी दिनुपर्छ भन्ने यसको खिलाफमा छन्", सभापति देउवाले भन्नुभयो । मुलुकको सङ्घीय राजधानीसमेत रहेको काठमाडौं र अर्को महानगर भरतपुर प्रमुखमा महिला उम्मेदवारलाई टिकट दिएर गठबन्धनले राम्रो काम गरेको बताउँदै उहाँले मतदातासमक्ष विजयी गराउन आह्वान गर्नुभयो। काठमाडौं महानगरको प्रमुखको उम्मेदवार सिर्जना सिंहका सन्दर्भमा उहाँले कसैको घरमा विवाह गरेर बुहारी बन्नु उहाँको दोष नभएको र त्यसैका आधारमा अवसरबाट वञ्चित गर्न नहुने उल्लेख गर्नुभयो ।

त्यसैगरी भरतपुर महानगरका प्रमुखका उम्मेदवार रेणु दाहालले राम्रो काम गरेको प्रशंसा गर्दै उहाँले कहाँ जन्म हुने भन्ने कुरा कसैको हातमा नहुने हुँदा त्यस आधारमा आरोपित गर्न नहुने स्पष्ट पार्नुभयो। काठमाडौं महानगरको समग्र व्यवस्थापनका सन्दर्भमा उम्मेदवार सिंहका तर्फबाट प्रस्तुत गरिएको प्रतिबद्धताको प्रसंशा गर्दै प्रधानमन्त्री देउवाले छ महिनाभित्र यहाँको फोहोर व्यवस्थापन गरी सुन्दर नगरी बनाउने र त्यसबाट ऊर्जा उत्पादन गरेर चुल्हो बाल्न र सवारी साधनसमेत चलाउन सकिने बताउनुभयो। सो कार्यका लागि सरकारको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले केपी शर्मा ओली प्रधानमन्त्री रहँदा जनमानसमा डर, त्रास र आतङ्क रहेको स्मरण गर्दै नेकपा(माओवादी केन्द्र) र नेकपा(एकीकृत समाजवादी) लगायतका दलको सहयोगमा आफू प्रधानमन्त्री भएपछि जनतामा त्रास हटेर खुसी भएको समेत जानकारी गराउनुभयो । उहाँले भन्नुभयो "सत्ता गठबन्धन जिन्दावाद। सबै मिलेर सफल पार्नुपर्छ।"

## नेकपा एकीकृत समाजवादीलाई कमजोर नठान्न श्रममन्त्री श्रेष्ठको आग्रह

पोखरापत्र संवाददाता
दमौली, २३ बैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले नेकपा (एकीकृत माजवादी) लाई कमजोर नठान्न आग्रह गर्नुभएको छ।

नेकपा (एकीकृत समाजवादी) तनहुँले शुक्रबार दमौलीमा आयोजना गरेको कोणसभामा मन्त्री श्रेष्ठले केही तत्वले पार्टीको अस्तित्व स्वीकार नगरेकाले आफूलाई कमजोर नठान्न आग्रह गर्नुभएको हो ।

गठबन्धन भएका ठाउँमा गठबन्धनका उम्मेदवारलाई विजयी गराउने पार्टीको केन्द्रीय समितिको निर्णय भए पनि तनहुँमा नेकपा (एकीकृत समाजवादी) लाई कमजोर ठानिएको मन्त्री श्रेष्ठको भनाइ थियो । विशेषगरी व्यास नगरपालिकामा केही व्यक्तिको अहमताका कारण गठबन्धन हुन नसकेको भन्दै मन्त्री श्रेष्ठले भन्नुभयो, "धेरै पटक बैठक बस्यौं, तर केही अहंकारी साथीले हात्तीमा बसेको चमेरोलाई काँध थाप्न सक्दैनौं भनेर घमण्ड देखाए । हामी अझै पनि गठबन्धनको पक्षमा छौं ।" निर्वाचनको दिन अझै पनि बाँकी रहेकाले व्यास नगरपालिकामा पनि गठबन्धन गरेर जान सकिने मन्त्री श्रेष्ठको भनाइ थियो । "अझै पनि मिल्न सकिने ठाउँ छ, त्यसतर्फ ध्यान दिन गठबन्धनका नेतालाई आग्रह गर्छौं," मन्त्री श्रेष्ठले भन्नुभयो । पाँच दलीय गठबन्धन संविधान रक्षाका लागि बनेकाले सबै दलको अस्तित्व स्वीकार गर्नुपर्ने उहाँको भनाइ थयो ।

## प्रधानसेनापति शर्माद्वारा निरीक्षण

पोखरापत्र संवाददाता
दमौली, २३ बैशाख

प्रधानसेनापति प्रभुराम शर्माले तनहुँको ऋषिङ गाउँपालिका-८ अर्चलछापमा नेपाली सेनाले स्थापना गरेको सुरक्षा पोष्टको शुक्रबार निरीक्षण गर्नुभएको छ।

प्रधानसेनापति शर्माले व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ)ले स्थानीय तह निर्वाचनलाई लक्ष्य गरी स्थापना गरेको 'कम्पनी अप्रेटिङ बेस' को निरीक्षण गर्नुभएको हो । निरीक्षणका क्रममा प्रधानसेनापति शर्माले उक्त इलाकाको वस्तुस्थितिलगायत विविध पक्षबारे जानकारी लिनुका साथै जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा निर्वाचन अधिकृतसँग अन्तर्क्रिया गर्नुभएको थियो । सो क्रममा उहाँले उक्त ठाउँमा तैनाथ सकल दर्जालाई सम्बोधन गर्दै सरकारबाट नेपाली सेनालाई प्राप्त जिम्मेवारी उत्कृष्ट ढङ्ले सम्पादन गर्न निर्देशन दिनुभयो ।

निरीक्षणका क्रममा कालीभञ्जन गण (इ)का गणपति प्रमुख सेनानी रामज्योति बोहराले प्रधानसेनापति शर्मालाई त्यहाँको वस्तुस्थितिका बारेमा जानकारी गराउनुभएको थियो ।

## कविता कोर्दा कोर्दै राजनीति यात्रामा किरण

पोखरापत्र संवाददाता
पोखरा, २३ बैशाख

आफन्त चिन्ने, वोल्ने केही वुझ्ने भएदेखि नै उनी सवैलाइ नमस्कार गर्दै हिड्ने, दुइ चार जना मानिसको भिड देख्यो कि कविता वाचन गर्ने । ठुला ठुला नेता वोलेको देख्यो कि दङ्ग परेर सुन्ने । नेता वोलेर ताली बझाएको दृश्यमा रमाउँथे । बिद्यालयमा पाईला टेकेदेखि नै पढाइमा ध्यान दिन्थे नै । तर फुर्सद मिल्यो कि गुरु गुरुआमाले कसरी यति धेरै वोल्न सक्नु हुन्छ भनी टोलाउँथ्ये । नानीदेखि लागेको बानीले नै अहिले युवा नेता किरण वराल सवैका लोकप्रिय र प्रष्ट बक्ताको रुपमा परिचित बन्दै गएका छन् । पोखरा- १३ निवासी किरण वराल बाल कल्याण बोडिङ्ग स्कूलमा कक्षा ८ मा पढ्दादेखि थाह पाएसम्म नेपाली कांग्रेसको कुनै पनि आमसभामा कविता वाचनमा पुग्दथे ।



नेपाली काँग्रेसको झण्डा देख्यो कि जिन्दावाद पहिला वाक्यो थियो किरणको। जिन्दावाद जिन्दावाद भन्दा भन्दै कवि रुपी किरण वि.स २०५६ सालको संसदीय निर्वाचनमा कांग्रेस नेता महादेव गुरुङलाई जिताउन आयोजित सभाहरुमा समेत कविता वाचन गर्दै हिंडेका थिए । सोही समयमा तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको उपस्थिति भएको चिप्लेढुङ्गाको आमसभामा गिरिजाकै अगाडि कविता वाचन गरे किरणले। आठ कक्षामै किरणको कविता सुनेर सभापति गिरिजा दंग परेका थिए। लगत्तै महादेव गुरुङले विजय प्राप्त गरे । कांग्रेस नेतृत्वको सरकार बन्यो । गिरिजाले किरणको त्यो प्रतिभालाइ मुल्याकंन गर्दै कक्षा ८ पढ्दा-पढ्दै अन्तर्राष्ट्रिय सम्मेलनमा जाने अवसर मिलाइदिए । जुन सम्मेलन पाकिस्तामा भएको थियो । पर्वतारोहण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालबाट तीन जना विद्यार्थी मध्य एक हुन किरण । कांग्रेस निकट नेपाल विद्यार्थी संघमा नजिकएपछि किरण स्ववियु सदस्यमा उठे तर चुनाव हारे। केही समयपछि फेरी कांग्रेस र प्रजातान्त्रिक कांग्रेस एकिकरण भएपछि स्ववियुको फेरी निर्वाचन आयो ।

सो निर्वाचनमा पृथ्वीनारायण क्याम्पसमा स्ववियु सभापतिका लागि किरणले २०६३ मा टिकट पाए । तर उनी उम्मेदवार उठ्न मिलेन । किनकी उच्च शिक्षा अध्ययन गर्नको लागि किरण अष्ट्रेलीया जाने तयारीमा जुटेका थिए। सानै वाट मनकारी स्वभावका किरणले पाएको स्ववियु सभापतिको टिकट रामप्रसाद अधिकारीलाई बुझाए। तर आँफु चुनावभरी प्रचारप्रसारमा रातदिन खटिएको अझै पनि झलझली याद आउने किरणले बताए । सन् २००९ सालमा अष्ट्रियलीय छिरेका किरणलाइ आफ्नै समाज र देशको मायाले तड्पीय पछि आफ्नो पढाइ सकिए लगतै २०१७ मा नेपाल फर्के ।

अष्ट्रेलियामा रहेपनि उनले कांग्रेससँग आवद्ध भएर आफ्नो कार्यलाइ निरन्तरता दिइरहे। त्यहाँ बस्दा पनि कांग्रेस निकट जनसम्पर्क समितिको महामन्त्री भएर काम गरेको अनुभव छ किरणसँग । अष्ट्रेलियामा ८ बर्ष बसी लिएको ज्ञानलाइ नेपाल आएपछि किरणले राजनीति र पर्यटन व्यवसायी सँग सँगै लगेका छन्। कांग्रेसको गएको अधिवेशनमा कास्कीबाट सर्वाधिक मत पाएर प्रदेश प्रतिनिधी बनेका छन् किरण । उनै किरण पोखरा महामनगरपालिका वडा नं १३ मा कांग्रेसका तर्फबाट अध्यक्ष पदमा उम्मेदवारी दिएका छन् । वडालाई महानगरपालिकाको पहुँचमा पुर्याउने मुख्य गुरु योजना बुनेका छन् किरणले। महानगरपालिकाका वडा मध्ये उत्कृष्ठ वडा बनाउने उद्देश्य बोकेर रातदिन जनतासँग मत माग्दै हिंडेका छन् किरण । आठ वर्ष अस्ट्रेलियामा उच्च शिक्षा हाँसिल गरेर नेपाल फर्केका किरणले बिदेशमा देखेका बिकासलाइ आफ्नै वडावाट सुरु गर्ने योजना सुनाए वरालले।

वडा १३ का मुख्य समस्याहरु मध्य बाटो, पानी, स्वास्थ, शिक्षा क्षेत्र लगायतका समस्याहरु जनताले विहान उठेदेखी बेलुका सुत्ने समय सम्म अनिवार्य आवश्यकीयलाइ सहज र प्रविधि मैत्री बनाउने किरणले प्रतिवद्धता सुनाए। अझ विशेष गरी बृद्धबृद्धाको सुझाव र युवाको योजना अनुरुप आँफुले वडालाई ५ बर्षमा उत्कृष्ठ बनाउने किरणको मुल मन्त्र छ । उनै किरण वरालको साथमा क्रमश महिला सदस्यमा सुचित तमाङ्ग, दलित सदस्य रजनी परियार, खुला सदस्य द्धय सरीफ अलिमियाँ, र बल वहादुर बराल लगायत सायौ कार्यकर्ता सँगै शुभचिन्तकहरु घरदैलोमा हिड्ने क्रम जारी रहेको नेपाली काँग्रेस वडा १३ इकाइका सचिव सुदिप गुरुङले पोखरापत्रलाइ वताए।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# यसरी मतदान गरौँ

**रासस**
**काठमाडौं, २३ बैशाख**

यही वैशाख ३० गते देशभर एकै चरणमा स्थानीय तह सदस्य निर्वाचन हुँदैछ।

निर्वाचन आयोगले सो दिन बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदानको समय निर्धारण गरेको छ। मतादाताले आफूले चाहेको उम्मेदवारलाई मतदान केन्द्रमा पुगेर मत दिन सक्नेछन्।

७५३ स्थानीय तहको प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित सदस्य र दुई वडा सदस्यलाई यही वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताले मतदान गर्न पाउने आयोगले जनाएको छ। गाउँपालिका र नगरपालिकामा एक/एक जना अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख निर्वाचित हुनेछन्। यस्तै पालिकाका प्रत्येक वडामा पाँच सदस्यीय वडा समिति निर्वाचत हुनेछ।

आसन्न स्थानीय निर्वाचनमा ८७ लाख ४१ हजार ५३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र १८३ अन्य गरी कूल एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाताले मतदान गर्न पाउछन्। मतसङ्केत गर्ने दिन मतदाता फोटोसहितको मतदाता परिचयपत्र लिएर आफ्नो नामावली भएको मतदान केन्द्रमा जानुपर्नेछ। मतदानको दिन नजिकिएसँगै निर्वाचन आयोग तथा राजनीतिक दलहरुले मतदाता शिक्षाका कार्यक्रम अगाडि बढाएका छन्। आयोगले सामाजिक सञ्जाल, रेडियो तथा टेलिभिजनमार्फत मतदानका लागि अपिल गर्दै आएको छ। यस्तै राजनीतिक दल तथा तिनका उम्मेदवारले मतदातालाई नमूना मतपत्रमार्फत बदर नहुने गरी मतदान गर्न सिकाइरहेका छन्। मतदातालाई सहज होस् भनेर निर्वाचन आयोगले सम्पूर्ण जिल्लाका नमूना मतपत्र सार्वजनिक गरिसकेको छ। मतपत्रको पहिलो कोलममा अध्यक्ष/प्रमुख, दोस्रोमा उपाध्यक्ष/उपप्रमुख, तेस्रोमा वडाध्यक्ष, चौथोमा महिला वडा सदस्य, पाँचौंमा दलित महिला वडा सदस्य र छैटौंको दुई कोलममा वडा सदस्य दुई जना उम्मेदवारको निर्वाचन चिह्न राखिएको छ। प्रत्येक मतदाताले आफूलाई मन परेका उम्मेदवारको कोठाभित्र स्वतिक छापद्वारा मतसङ्केत गर्नुपर्छ। स्वस्तिक छाप र मसी प्रत्येक मतदान केन्द्रमा व्यवस्था गरिएको हुन्छ। मतदाताले अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, महिला वडा सदस्य, दलित महिला वडा सदस्य र वडा सदस्य दुई जना गरी सात जनालाई मात्र मतदान गर्न पाउँछन्।

कुनै एक पदका लागि एकभन्दा बढी चिह्नमा मत सङ्केत गरे त्यस्तो मत बदर हुन्छ। दुई वटा चिह्नको बीचमा, कोठा बाहिर र लत्पतिने गरी छाप लगाएमा मत स्वतः बदर हुन्छ। यसैगरी स्वस्तिक छापको सट्टा औँठा छाप लगाएमा, मतपत्रमा केरमेट गरेमा, कुनै चिह्न कोरेमा, मतदान अधिकृतको हस्ताक्षर नभएको मतपत्र प्रयोग गरेमा र मतपेटिका बाहिर मत खसालेमा त्यस्तो मत बदर हुने आयोगले जनाएको छ। मतदाताले मतदान केन्द्रमा राखिएको गोप्य मतदानस्थलमा गई आफूलाई मन परेको उम्मेदवारको चिह्नमा स्वस्तिक छाप लगाई, छापको मसी नलतपतिने गरी पट्याएर मतपेटिका खसाल्नुपर्छ।

# जिम्बावेसँग नेपाल पराजित

**रासस**
**काठमाडौं २३ बैशाख**

नेपाल पहिलो एक दिवसिय अभ्यास खेलमा जिम्बावे 'ए'सँग पराजित भएको छ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा शुक्रबार भएको खेलमा नेपाल जिम्बावे ए सँग तीन विकेटले पराजित भएको हो। नेपालले दिएको १३७ रनको सामान्य लक्ष्य जिम्बावे ए ले २६ ओभरमा सात विकेट गुमाउँदै पुरा गऱ्यो। जिम्बावे ए का लागि इनोसेन्ट कैयाले सर्वाधिक ४८ रनको योगदान दिए। उनी ४८ बलमा चार चौका र एक छक्कासहित ४८ रनमा अविजित रहे। त्यसैगरी चेपाश भुवायाले ३२ रन जोड्दा ब्राड इभान्सले १७ तथा रोय कैयाले १४ रन जोडे।

बलिङमा नेपालका सन्दीप लामिछाने र करण केसीले समान २/२ विकेट लिए भने सोमपाल कामी र सागर ढकालले १/१ विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपाल ३१ दशमलव तीन ओभरमा सबै विकेट गुमाउँदै १३६ रनमा समेटियो। नेपालका लागि सोमपाल कामीले सर्वाधिक ३० रनको योगदान दिए। त्यसैगरी करण केसीले २५ रन बनाए भने कुशल भुर्तेल १९ रनमा आउट भए। दिपेन्द्रसिंह ऐरीले १८, आरिफ शेखले पाँच तथा रोहित पौडेलले तीन रन जोडे। जिम्बावे ए का ब्राड इभान्सले सर्वाधिक चार विकेट लिए भने भिक्टर न्याउची, ब्रेन्डन मभुताले र चेपाश भुवाओले समान २/२ विकेट लिए।

# पोखरा ३१ मा एमालेको चुनावी कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ बैशाख**



नेकपा एमालेका स्थायी कमिटी सदस्य एवं संगठन बिभाग प्रमुख खगराज अधिकारीले स्थानीय तहको निर्वाचनमा नेकपा एमालेलाई अत्याधिक मतका साथ बिजय गराईदिन मतदातालाई आग्रह गरेका छन्।

नेकपा एमाले पोखरा ३१ ले शुक्रबार बेगनासताल मोहोरीयामा मेयर र उपमेयरका उम्मेदवार परिचय सहित आयोजना गरेको आमसभामा बोल्दै अधिकारीले देशको समृद्धि र बिकासको लागि नेकपा एमालेको सुर्य चिन्हमा मतदान गरि नेकपा एमालेलाई अत्याधिक मतका साथ बिजय गराईदिनआग्रहगरेकाहुन्।यतिबेला गठबन्धन भित्र कुन चुनाब चिन्हमा मतदान गर्ने भन्ने अन्यौल रहेको भन्दै नेता अधिकारीले अन्यौल नभएको सुर्य चिन्हमा मतदान गरि एमालेलाई बिकास र समृद्धिको नेतृत्व सुम्पन समेत आग्रह गरे।

उ न ल ` एमालेले यस पटक अनुभबी र सफल ब्यक्ति कृष्ण थापालाई मेयर र देशकै सफल उपमेयर भएर कार्य सम्पादन गरि सक्नु भएकी मन्जुदेबी गुरुङलाई उपमेयरको उम्मेदवारको रुपमा अगाडी सरेको भन्दै एमालेको जित सुनिश्चित रहेको दाबी पनि गरे। पोखरा ३१ मा पनि एमालेले अनुभबी र सक्षम ब्यक्तिलाई उम्मेदवार बनाएकोले सुखी र समृद्ध ३१ नम्बर वडाको लागि एमालेको बिकल्प नरहेको बताए।

आफ्नो गृह वडा समेत रहेको पोखरा ३१ को घरदैलोमा समेत सहभागी बनेका अधिकारीले एमालेको नेतृत्वमा नै वडा भित्र शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता क्षेत्रमा उल्लेखनीय काम भएको र यातायातको क्षेत्रमा बेगनासताल भञ्ज्याङ् तालबेसी सडकलाई रणनीतिक रुपमा प्राथमिकताका साथ पहल गरिएकोले यो काम अगाडि बढेको जिकिर समेत गरे। नेकपा एमाले ३१ ले आयोजना गरेको सभालाई सम्बोधन गर्दै नेकपा एमालेको तर्फबाट मेयर पदका उम्मेदवार कृष्ण थापाले लेखनाथ क्षेत्रलाई आफुले प्राथमिकताका साथ हेरेको भन्दै कम्तिमा पनि हप्ताको २ लेखनाथ क्षेत्रमा नै आएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भने "लेखनाथ तिर मेयर र उपमेयरका उमेदवार दुबै पारीका भए यतालाई हेर्दैनन् कि भन्ने गुनासो पनि रहेको छ। म सबै ठाउँलाई समान रुपमा बिकास गर्ने प्रतिबद्धता बोकेर आएको छु। तपाईहरु बिच प्रतिबद्धता पनि व्यक्त गर्न चाहान्छु म कम्तीमा पनि हप्ताको २ यसै क्षेत्रमा आएर सेवा प्रदान गर्ने छु।" बेगनासताल र फेवाताल बिच पर्यटकिय रुपमा जोड्न यातायातको सहज र दुर्त सेवा पनि आफ्नो योजनामा रहेको भन्दै थापाले एमाले कै नेतृत्व पालामा तालचोक बेगनासलताल सडकलाई चार लाईनको बनाउने कामको टेण्डर सम्झौता भईसकेकोले छिटै काम सुरु हुने दाबी गरे। उपमेयर पदका उम्मेदवार मन्जुदेबी गुरुङ्गले विभिन्न अप्ठेराका बिच पनि गएको ५ बर्षमा एमाले नेतृत्वको महानगर टिमले सम्झन लायक धेरै काम गरेको दाबी गरिन्। "सुरुका १ बर्ष स्थानीय तहको कानुन नै नभएकाले कानुन बनाउनमा नै समय खर्च भयो। यो बिचमा धेरै कानुनहरु बनाईएका छन्। फेरि २ बर्ष पुग्दा नपुग्दै बिश्वब्यपी महामारीको रुपमा कोभिड आयो। यस बिचमा पनि पुर्वाधार निर्माणको क्षेत्रमा धेरै काम भएका छन्। धेरै सडकहरू कालोपत्रे भएका छन् भने वडा कार्यलयहरु निर्माणमा पनि धेरै प्रगति भएको छ।" वडा नम्बर ३१ का केही सडकहरूलाई प्राथमिकतामा राखेर काम गर्नु पर्ने आवस्यकता आफुहरुले देखेको भन्दै निबर्तमान उपमेयर समेत रहनु भएकी गुरुङ्गले एमालेको सुर्य चिन्हमा मतदान गरेर एमालेलाई अत्याधिक मतका साथ बिजय गराईदिन आग्रह गरेकी छन्।

कार्यक्रममा पोखरा ३१ का लागि एमालेबाट वडा अध्यक्ष पदका उम्मेदवार चिरञ्जीवी बन्जराले पोखरा ३१ मा मतदाताको उत्साहजनक प्रतिक्रिया पाईरहेको र आफ्नो टिमले जित्नेमा ढुक्क रहेको बताए। स्थानिय तहको निर्वाचनका लागि पोखरा महानगरपालिकामा एमालेले कृष्ण थापालाई मेयर र मन्जुदेबी गुरुङ्गलाई उपमेयरको उम्मेदवार बनाएको छ भने वडा नम्बर ३१ बाट अध्यक्षमा चिरञ्जीवी बन्जरा, खुल्ला सदस्यहरूमा देबेन्द्र अधिकारी र बिनोदमणी लामिछाने, महिला सदस्यमा धनदेबी तिवारी र दलित महिला सदस्यमा तारा नेपाली चुनावी मैदानमा छन्।

# डिप्लोमा ईन्जिनियर्स कास्कीको जिल्ला अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ बैशाख**

'सस्तो, सुलभ, बैज्ञानिक प्रविधिको विकास गरौं', भन्ने नारा सहित डिप्लोमा ईन्जिनियर्स एशोसिएसन नेपाल (डिन), कास्कीले शुक्रबार ११ औं जिल्ला अधिवेशन सम्पन्न गरेको छ।

पोखरा सभागृह चोकस्थित मिड टाउनको सभाहलमा आयोजित कार्यक्रममा प्रमुख अतिथि कामेश्वर प्रसाद सिंहले डिप्लोमा ईन्जिनियर्सको हक अधिकारसँगै पेशालाई मर्यादित बनाउनु पर्नेमा जोड दिए। अनुसन्धानमा आधारित ईन्जिनियरिङ्ग ज्ञान तथा प्रविधिको साझेदारीका लागि संयुक्त रुपमा कार्यशाला, गोष्ठी, सम्मेलन गर्न नास्ट र डिन विच सहकार्य भएको र यो सहकार्य नेपालका डिप्लोमा ईन्जिनियरहरुको क्षमता विकास गर्न, ईन्जिनियरिङ्ग संरचना तथा वातावरण व्यवस्थापनका लागि रणनीति, निर्देशिका तथा आचार संहिता निर्माणका लागि निकै फलदायी भएको छ अध्यक्ष सिंहले बताए। कृष्णप्रसाद जमरकट्टेलको अध्यक्षता सम्पन्न जिल्ला अधिबेसनले डिप्लोमा ईन्जिनियर्स एशोसिएसन नेपाल (डिन) कास्कीको जिल्ला कार्य समितिको अध्यक्षमा अनिल प्रसाद आचार्य, उपाध्यक्षमा शिशिर सुवेदी, सचिवमा संकल्प ढुंगाना, सह-सचिवमा कृतिक जगन्नाथ लामिछाने, कोषाध्यक्षमा प्रकाश बिसुराल र सदस्यहरुमा बिनोद केसी, सरोज पौडेल र सुमन अधिकारी सर्वसहमतिबाट चयन गर्यो। कार्यक्रमका अतिथि डीनका केन्द्रिय सदस्य दर्पण पोखेलले नयाँ कार्य समितिलाई शुभकामना व्यक्त गरे।

# प्रधानमन्त्री देउवा शनिबार तनहुँ आउँदै

**पोखरापत्र संवाददाता**
**दमौली २३ बैशाख**

स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै नेपाली कांग्रेस तनहुँले दमौलीमा आयोजना गर्ने चुनावीसभामा सहभागी हुन प्रधानमन्त्री शेरबहादुर देउवा तनहुँ आउँदै हुनुहुन्छ। यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनलाई लक्षित गरी शनिबार आयोजना हुने सभालाई सम्बोधन गर्न कांग्रेस सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवा दमौली आउन लाग्नुभएको हो। सभालाई नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र प्रवक्ता डा प्रकाशशरण महतलेसमेत सम्बोधन गर्ने कार्यक्रम रहेको कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो।

# एसियाली खेलकुद स्थगित

**रासस**
**काठमाडौं, २३ बैशाख**

चीनको हानझाउ शहरमा आयोजना हुने भनिएको १९ औं संस्करणको एसियाली खेलकुद प्रतियोगिता (एसियाड) स्थगित भएको छ।

आगामी भदौमा हुने भनिएको उक्त प्रतियोगिता कोरोना भाइरस महामारीको कारण स्थगित गरिएको ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)द्वारा शुक्रबार जारी प्रेस विज्ञप्तिमा जनाएको छ। चीनमा हुने एसियाड आगामी भदौ २५ देखि असोज ९ गतेसम्मका लागि तय भएको थियो। चिनियाँ ओलम्पिक कमिटी, हानझाउ एसियन गेम्स आयोजक कमिटी र ओसिएको कार्यकारी बोर्डको संयुक्त छलफलपछि एसियाड खेल रोक्ने निर्णय भएको हो। तीनै निकायको संयुक्त छलफलपछि एसियाडको नयाँ मिति तय हुने बताइएको छ।

नेपालले एसियाडमा २३ खेलमा प्रतिस्पर्धा गर्ने निर्णय गरिसकेको थियो। उक्त प्रतियोगिताको लागि नेपालले खेलाडी छनोटसमेत सुरु गरिसकेको छ।


**डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।**

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

